# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

## एघारौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाही विवरण (माइन्यूट)

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड (प.लि.नं.१२९६/०६७/६८)को सञ्चालक समितिकी अध्यक्ष श्री बिन्दीया श्रेष्ठ प्रधानको अध्यक्षतामा मिति २०८० साल बैशाख ३० गते (तदनुसार १३ मे २०२३) शनिवार विहान ९:०० बजे देखि अपरान्ह ३:३० बजेसम्म धुलिखेल लज रिसोर्ट प्रा.लि.को सभाहल, धुलिखेल नगरपालिका वडा नं. ३, धुलिखेल, काभ्रेपलाञ्चोकमा सम्पन्न भएको एघारौं वार्षिक साधारण सभाको निर्णयहरु तथा अन्य कामकारवाही समेतको निर्णय पुस्तिका विवरण (माइन्यूट) देहाय बमोजिम रहेको छ।

**१. उपस्थिति :**

**क. सभामा उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १.. | श्री विन्दीया श्रेष्ठ प्रधान | अध्यक्ष |
| २. | श्री अनन्त कुमार श्रेष्ठ | सञ्चालक |
| ३. | श्री नरेन्द्र कुमार प्रसाई | सञ्चालक |
| ४. | श्री गुडाखर सापकोटा | सञ्चालक |
| ५. | श्री कृष्ण राज सिलवाल | सञ्चालक |
| ६. | श्री तारा शर्मा | सञ्चालक |

**ख. सम्बन्धित निकायका प्रतिनिधिको उपस्थिति :**

१. श्री सबिन बुढाथोकी, प्रतिनिधी, कुमारी क्यापिटल लिमिटेड

**ग. पदाधिकारीको उपस्थिति :**

१. श्री मोक्ष प्रसाद पंगेनी, प्रमुख कार्यकारी अधिकृत
२. श्री प्रमेश आचार्य, कम्पनी सचिव

**घ. शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत :**

सभामा शेयरधनी स्वयं तथा प्रोक्सी मार्फत ६१.४२ प्रतिशत उपस्थिति रह्यो।

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थिति | | जम्मा उपस्थिति | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| संस्थापक शेयरधनी | २६४ | ५५,७२,३३८।६४ | ९० | ९८ | १८८ | ४६,३७,०३८ | ६१.४२ |
| सर्वसाधारण शेयरधनी | २६,४५७ | २३,४७,५०९।२६ | २७४ | १३२ | ४०६ | २,२७,५५१ | |
| **जम्मा** | **२६,७२१** | **७९,१९,८४७।९०** | **३६४** | **२३०** | **५९४** | **४८,६४,५८९** | |

(संस्थापक समूह तर्फ भौतिक रुपमा उपस्थित ९० जनाको २८,३७,२४६ कित्ता, प्रोक्सी मार्फत ९८ जनाको १७,९९,७९२ कित्ता तथा सर्वसाधारण समूह तर्फ भौतिक रुपमा उपस्थित २७४ जनाको ९३,४३१ कित्ता, प्रोक्सी मार्फत १३२ जनाको १,३४,१२० कित्ता )

**ङ. गणपुरक संख्या तथा सभाको बैधानिकता :**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९ साल चैत्र १८ गते बसेको २०४ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको ११ औं बार्षिक साधारण सभाको सुचना मितिः २०७९ चैत्र २० गते आर्थिक अभियान राष्ट्रिय दैनिक र मिति २०८० बैशाख १० गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभाबारे जानकारी गराईएको थियो। कम्पनी ऐन, प्रचलित कानून तथा वित्तीय संस्थाको नियमावलीको नियम १८ र १९ बमोजिम सभा सञ्चालनको लागि गणपूरक संख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने व्यवस्था रहेको छ।

सो अनुरुप कुल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ६१.४२ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराईयो ।

**च. सभा अध्यक्षको आसन ग्रहण :**

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम यस वित्तीय संस्थाका सञ्चालक समितिकी अध्यक्ष श्री बिन्दीय श्रेष्ठ प्रधानले सभा अध्यक्षको आसन ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो । ततपश्चात् यस वित्तीय संस्थाका सञ्चालक श्री अनन्त कुमार श्रेष्ठले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत सहितको शुभकामना मन्तव्य राख्नुभयो ।

२. **छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, २०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७९/८० को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ असार मसान्तमा कायम चुक्ता पूँजी रु ७९,१९,८४,७९०।- को १५ प्रतिशतले हुने रकम रु ११,८७,९७,७१८।५०(अक्षरुपी एघार करोड सतासी लाख सन्तानब्बे हजार सात सय अठार र पैसा पचास मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको कर्पोरेट कार्यालयको ठेगाना वागमती प्रदेश, ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ४ मा कायम गर्ने सम्बन्धमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको पुँजी संरचना परिवर्तन गरी संस्थापक शेयरको हिस्सा ७०.३६ प्रतिशत रहेको र सर्वसाधारण तर्फको शेयर हिस्सा २९.६४ प्रतिशत रहेकोले सर्वसाधारण तर्फको हिस्सा बढाई ३० प्रतिशत पुर्याउनको लागि फरक रकमलाई पुन: सर्वसाधारणमा शेयर (Further Public Offering) जारी गर्ने ।

४. कम्पनीको जारी पम्रुजीको ५१ प्रतिशत संस्थापक समूहको शेयर स्वामित्व र ४९ प्रतिशत सर्वसाधारण समूहको शेयर स्वामित्व हुने गरी पूँजी संरचना परिवर्तन गर्ने र सोही बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था गर्ने ।

५. भविष्यमा अन्य लघुवित्त संस्था प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध प्रस्ताव:**

३. **सभाको प्रारम्भ :**

मिति २०७९ साल चैत्र १८ गते बसेको सञ्चालक समितिको २०४औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम एघारौं बार्षिक साधारण सभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री प्रमेश आचार्यले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुत :**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विन्दीया श्रेष्ठ प्रधानले वार्षिक साधारण सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथ सञ्चालक समितिको तर्फबाट आ.व.२०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, २०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण आदि सहितको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित ११ जना शेयरधनीहरु श्री डमरु बल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री निरुपमा गुप्ता, श्री इन्द्र प्रसाद लामिछाने, श्री लवराज जोशी, श्री सुन्दर खड्का, श्री दिपक प्रधान, श्री सुवोल काफ्ले, डा. श्री गिरिधारी शर्मा पौडेल, श्री गुडाखर सापकोटा र श्री लक्ष्मीराज पौडेलले वित्तीय संस्थाको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

जवाफ :

शेयरधनीहरुबाट उठाइएका जिज्ञाशाहरुको सम्बन्धमा सभाकी अध्यक्ष श्री बिन्दीया श्रेष्ठ प्रधान, संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मोक्ष प्रसाद पंगेनी तथा कम्पनी सचिव श्री प्रमेश आचार्यले प्रष्ट पार्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, २०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, २०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट सर्वसम्मतिबाट पारित भयो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

आर्थिक वर्ष २०७९/८० का लागि लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नुपर्ने सम्पूर्ण कार्यहरु) गर्न लेखापरीक्षण समितिबाट सिफारिस भएको श्री खतिवडा दिपेश एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस्, ललितपुरलाई नियुक्ती गर्ने तथा निजलाई लेखापरीक्षण गरे वापत मूल्य अभिबृद्धि कर वाहेक पारिश्रमिक रु. ४,००,०००।- (अक्षरेपी चार लाख मात्र) प्रदान गर्ने निर्णय सर्वसम्मतिवाट पारित भयो ।

**४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

यस वित्तीय संस्थाको संस्थापक समूहका शेयरधनीहरुका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरुमा श्री दधि राम पौड्याल, श्री बिन्दीया श्रेष्ठ प्रधान, श्री अनन्त कुमार श्रेष्ठ र श्री लेखनाथ खनिया तथा सर्वसाधारण शेयरधनीहरुका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुमा श्री शिव प्रसाद मिश्र र श्री कमल भण्डारी आगामी ४ (चार) वर्षका लागि सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता दिपक सिलवालले सभा समक्ष घोषणा गरी जानकारी गराउनु भएकोमा सोलाई सर्वसम्मतिबाट पारित गरियो ।

ख. विशेष प्रस्तावहरु :

**१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ असार मसान्तमा कायम चुक्ता पूँजी रु ७९,१९,८४,७९०।- को १५ प्रतिशतले हुने रकम रु ११,८७,९७,७१८।५०(अक्षरुपी एघार करोड सतासी लाख सन्तानब्बे हजार सात सय अठार र पैसा पचास मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत भएको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ असार मसान्तमा कायम चुक्ता पूँजी रु.७९,१९,८४,७९०।- को १५ प्रतिशतले हुने रकम **रु.११,८७,९७,७१८।५०** (अक्षरेपी एघार करोड सतासी लाख सन्तानब्बे हजार सात सय अठार र पैसा पचास मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी तपसिल बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्तावलाई सभावाट सर्वसम्मतिले स्वीकृत गरी पारित भयो ।

प्रबन्ध पत्र तर्फको संशोधन

दफा ६ (ख): वित्तीय संस्थाको जारी पूँजी रु ९१,५४,५५,४६२।- (अक्षरेपी एकानब्बे करोड चवन्न लाख पचपन्न हजार चार सय बैसट्ठी मात्र) हुनेछ ।

दफा ६ (ग) : वित्तीय संस्थाको चुक्ता पूँजी रु ९१,०७,८२,५०८।५० (अक्षरेपी एकानब्बे करोड सात लाख बयासी हजार पाँच सय आठ र पैसा पचास मात्र) हुनेछ ।

**२. वित्तीय संस्थाको कर्पोरेट कार्यालयको ठेगाना वागमती प्रदेश, ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ४ मा कायम गर्ने सम्बन्धमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।**

नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी संस्थाको कर्पोरेट कार्यालय स्थापना गरी सञ्चालन गरिए बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा तपसिल बमोजिम हुने गरी संशोधन गर्ने विशेष प्रस्तावलाई सभाबाट सर्वसम्मतिले स्वीकृत गरी पारित भयो ।

प्रबन्ध पत्र तर्फको संशोधन

दफा २(१): वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३, साँगामा रहनेछ । वित्तीय संस्थाको कर्पोरेट कार्यालय वागमती प्रदेश, ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ४ मा रहनेछ ।

नियमावली तर्फको संशोधन

नियम २(१): वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३, साँगामा रहनेछ । वित्तीय संस्थाको कर्पोरेट कार्यालय वागमती प्रदेश, ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ४ मा रहनेछ ।

**३. संस्थाको पुँजी संरचना परिवर्तन गरी संस्थापक शेयरको हिस्सा ७०.३६ प्रतिशत रहेको र सर्वसाधारण तर्फको शेयर हिस्सा २९.६४ प्रतिशत रहेकोले सर्वसाधारण तर्फको हिस्सा बढाई ३० प्रतिशत पुर्‍याउनको लागि फरक रकमलाई पुनः सर्वसाधारणमा शेयर (Further Public Offering) जारी गर्ने ।**

वित्तीय संस्थाको पूँजी संरचना परिवर्तन गरी संस्थापक समूहको शेयर स्वामित्व ७० प्रतिशत कायम गरी तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व बढाई ३० प्रतिशत कायम गर्नका लागि फरक रकमलाई पुन: सर्वसाधारणमा शेयर (Further Public Offering) जारी गर्न आवश्यक कार्य गर्ने/गराउने, नियामक निकायमा आवेदन पेश गर्ने, प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने लगायतका सम्पूर्ण कार्यार्थ सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**४. कम्पनीको जारी पूँजीको ५१ प्रतिशत संस्थापक समूहको शेयर स्वामित्व र ४९ प्रतिशत सर्वसाधारण समूहको शेयर स्वामित्व हुने गरी पूँजी संरचना परिवर्तन गर्ने र सोही बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था गर्ने ।**

नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापक समूहको शेयर स्वामित्व मध्ये जारी पूँजीको ५१ प्रतिशत भन्दा अधिक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया शुरु गर्न सञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो । संस्थापक समुहको सेयर सर्वसाधारण समूहमा परिणत गर्ने सिलसिलामा सेयर स्वामित्व संरचना परिवर्तन हुने हुँदा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तपसिल बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा सेयर स्वामित्व संरचना परिवर्तन गर्ने तथा सोही बमोजिम सञ्चालक समितिमा संस्थापक समूह र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गराउने गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित भयो ।

**प्रबन्ध पत्र तर्फको संशोधन**

दफा ६ (घ) : संस्थापक समुह तथा सर्वसाधारण समुहको सेयर स्वामित्व जारी पूँजीको क्रमशः ५१ प्रतिशत तथा ४९ प्रतिशत हुनेछ ।

**नियमावली तर्फको संशोधन**

नियम ७ (२) (क) : संस्थापक शेयरधनीहरुको सेयर स्वामित्व जारी पूँजीको ५१ प्रतिशत हुनेछ ।

नियम ७ (२) (ख) : सर्वसाधारण समुहको सेयर स्वामित्व ४९ प्रतिशत हुनेछ ।

**५. भविष्यमा अन्य लघुवित्त संस्था प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग प्राप्ती सम्बन्धी सम्फौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको भविष्यमा अन्य लघुवित्त प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग प्राप्ती सम्बन्धी सम्फौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित भयो ।

**६. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित भयो । साथै, वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता र अन्य खर्च सुविधा सम्बन्धमा देहाय बमोजिम नियमावलीमा संशोधन गर्न सभाबाट सर्वसम्मतिले पारित भयो ।

**नियमावली तर्फको संशोधन**

नियम ३२ (१) (ग) (अ) स्वदेशमा दैनिक भत्ता रु ३०००।- तथा होटल खर्च बिल अनुसार ।

**ग. विविध प्रस्ताव:**

कुनै पनि प्रस्ताव पेश नभएको ।

**७. सभाको समापन :**

पूर्व निर्धारित विषय-सूचिहरु उपरको छलफल तथा प्रस्तुत प्रस्तावहरु पारित भएको र विविध अन्तर्गत छलफलको विषय नभएकोले सभाका अध्यक्ष श्री विन्दिया श्रेष्ठ प्रधानज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पदाधिकारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै एघारौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

प्रमेश आचार्य
कम्पनी सचिव

विन्दीया श्रेष्ठ प्रधान
अध्यक्ष

मिति : २०८० साल वैशाख ३० गते शनिवार ।